नेपाल गजेट

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, भाद्र ७ गते २०२२ साल

श्री ५ को सरकार

वन मन्त्रालयको

सूचना

यस मन्त्रालयका से. अ. श्री कविकेशरी बस्नेत पार्टिसिपेण्ट प्रोग्राम अन्तर्गत अमेरिका तालीम हासिल गर्न काजमा जानुभएकोले काजबाट फर्की नआएसम्मको लागि सो पदमा निजामती सेवा नियमावली, २०२१ को परिच्छेद ८ को नियम २ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले यसै मन्त्रालयका ना. सु. श्री रामराज उपाध्यायलाई मिति २०२२।४।१३ देखि कायम मुकायम मुकरर गरेको छ ।

(कृष्णबहादुर देउजा)

श्री ५ को सरकारको सह--सचिव।

३६४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

वन मन्त्रालयको

सूचना

यस मन्त्रालयका सिनियर एकाउण्टेण्ट श्री केशवमान सिंह खाद्य व्यवस्था संस्थानमा काज खटिई जांदा अस्थायी रूपले खालि हुनआएको उक्त सी.ए. पदमा निजामती सेवा नियमावली, २०२१ को परिच्छेद ८ को नियम २ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले मिति २०२२।४।४।२ मा काठमाडौं सर्कल हात्तीसारतर्फका ना. सु. श्री राधाकृष्णलाई कायम मुकायम मुकरर गरेको छ ।

कृष्णबहादुर देउजा,
श्री ५ को सरकारको सह–सचिव ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

344 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।